नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

श्रावण/भाद्र २०८० (August 2023) वर्ष २६/अङ्क २९४

## धापासी ! धापासी ! धापासी !

– पाष्टर प्रेम श्रेष्ठ

**यर्मिया ६:१६: परमप्रभु यसो भन्नुहुन्छ, "दोबाटोमा उभिएर हेर, प्राचीन मार्गहरूका विषयमा सोध । असल मार्ग कहाँ छ त्यो सोध, र त्यसैमा हिँड, र तिमीहरूले आफ्नो प्राणको निम्ति विश्राम पाउनेछौ तर तिमीहरूले भन्यौ, ...हामी त्यसमा हिँड्नेछैनौं" ।**

हाम्रो मानविय स्वभाव सधैँ नयाँ-नयाँ कुराको खोजी, नयाँ-नयाँ कुराको आविस्कारमा हुन्छ तर नयाँ कुरा खोजी गर्दै गर्दा पुरानो कुराको संरक्षण गर्नु पनि हाम्रो उत्तिकै दायित्व हुन्छ। अधिकार प्रयोग गर्दा अरूको अधिकारको ख्याल राख्नुपर्दछ। विरासतमा प्राप्त भएका कति यस्ता कुराहरू छन् जसलाई हामीले संरक्षण गर्दै जानुपर्दछ र आउँदै गरेको पुस्तालाई बताउने, सिकाउने, प्रशिक्षण गर्ने क्रमलाई पुस्तान्तरण प्रक्रिया भनिन्छ।

**यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ (२ कोरिन्थी ५:१७) ।**

यो नितान्त हाम्रो आत्मिकी रुपान्तरणको कुरा हो तर हाम्रो मण्डलीमा सबै कुरालाई आत्मिक कुरासँग तुलना गरेर हुँदैन कतिवटा व्यावहारिक कुराहरू पनि हुन्छन् । त्यस्ता विषय वस्तुहरूलाई नजरअन्दाज गर्नुहुदैंन । नेइम मण्डलीहरू विशेष चारवटा मण्डलीहरू ज्ञानेश्वर, ललितपुर, जोरपाटी र गोगबूँका आ-आफ्नै स्वायत्त स्थानीय कार्यकारिणी, व्यवस्थापन समितिहरू छन् र आर्थिक रुपमा पनि आ-आफ्नो स्वायत्त योजनाहरु हरहिसाबका आम्दानी खर्चका प्रक्रियाहरू छन् । ४ वटै मण्डलीका बलिया संयन्त्रहरू छन् । सँगै नेइमलाई पहिचान दिने केन्द्रिय निकाय नेइम पाष्टरीय परिषद, नेइम कार्यकारिणी र विभिन्न विभागहरू र समितिहरू छन्, जसले नेइमको एकरुपता कायम राख्न भरमग्दुर कार्य गरिराखेको छ साथै नेइम केन्द्रिय रुपमा रहेको अचल सम्पत्तिको रुपमा मेरी गुरुआमा प्रतिष्ठानको घरजग्गा र धापासीको झण्डै १७ रोपनी ५ आना जग्गाहरू छन्। मण्डलीमा पुस्तान्तरणको प्रसंग उठे पनि नउठे पनि यो निरन्तर हुने प्रक्रिया हो र अहिले कति आउनु भएका नयाँ पुस्ताका प्रियहरूका लागि यथार्थ जानकारी र चुनौतीहरू के कस्ता छन् भनी बुझाउन कलम चलाउने हिम्मत गर्दैछु ।

सर्वप्रथम धापासी (विश्रामस्थल) कोभिडकालभन्दा अघि यसलाई दफन स्थलको रुपमा प्रयोग गर्दै आएको थियो तर कोभिड १९ को महामारी पछि यो जमीनलाई कसरी प्रयोग गर्ने भन्ने विषयमा सम्बन्धित निकायहरूमा व्यापक छलफल गर्दै समाधानको उपायहरू फैलाएका छौं, जस्तै पहिले नेइम पाष्टरीय परिषद हुँदै नेइम टिएस्सीमा कुरा गर्दै नेइम कार्यकारिणीले जो नेइमको निर्णय गर्ने सर्वोच्च निकाय हो अन्तिम निर्णय गऱ्यो कि अबदेखि उसो धापासीको जमीन जो सुन, चाँदी, हीरा, मोती भन्दा पनि बहुमूल्य छ त्यसलाई समग्र नेइमको बाइबल स्कूल, तालिम केन्द्र, सीपमूलक तालिमहरू र आवश्यकताअनुसार अन्य संरचना बनाउँदै प्रयोग गर्ने भनेर निर्णय भैसकेको अवस्था छ । अब सबै कुरा एकैपटक त हुँदैन तर विस्तारै विस्तारै चरणवद्ध रुपमा बाइबल स्कूललाई चाहिने भौतिक संरचना, सीपमूलक तालिमकेन्द्रको लागि भौतिक संरचना बनाउँदै जानु पर्दछ र त्यसको लागि अन्य कतिवटा नीतिगत प्रक्रियाहरू अपनाउनु जरुरी छ । मेरो मनमा प्रभुप्रति विशेष धन्यवाद आउँदछ कि अहिले हामीले चाहेर पनि यत्ति ठूलो क्षेत्रको जमीन काठमाडौंको झण्डै केन्द्रमा किन्न असम्भव मात्र होइन जमीन नै पाउन सकिन्न र हामी सबैले प्रभुलाई धन्यवाद चढाउन र हाम्रा अग्रजहरूलाई सम्झनु बाहेक अर्को विकल्प छैन । यो जमीनको प्रयोग वा उपयोगबारे रुपरेखा बदलिए तापनि हामी नेइमको लागि यो अमूल्य रत्न नै हो ।

### अब यस जमीन संरक्षणको लागि चुनौती नं. १

परमेश्वरको वचन धर्मशास्त्रमा प्रसस्त उदाहरणहरू पाइन्छ जस्तैः नहेम्याहको पुस्तकमा भएको पर्खाल निर्माण तीनवटा विचार, मन्दिर, आराधना, पर्खाल इसापूर्व ५८६ मा भत्काइएको यरुशलेमको मन्दिर इसापूर्व ५३८-५२० मा यरुबाबेलको नेतृत्वमा निर्माण भयो र त्यसपछि एज्राले त्यो मन्दिरमा आराधना र व्यवस्थाको खोजी वा वचन प्रचार गरेर मानिसहरूलाई परमेश्वरको नजीक ल्याउने काम गरे भने त्यो मन्दिरको पर्खाल भग्नावशेषको अवस्थामा थियो र इसापूर्व ४४६ मा परमेश्वरले नहेम्याहलाई पर्खाल निर्माण गर्ने बोझ दिनुभयो । यो अति जटिल कार्य नै थियो । जहाँ बाहिरि भित्री दुवै प्रकारको अवरोध, बाधा, निषेध हुँदाहुँदै पनि परमेश्वरले नहेम्याहलाई कृपा गर्नुभयो र सहयोगीको रुपमा राजा अर्तासास्तको हृदयलाई परमेश्वरले चलाउनुभयो, कारण परमेश्वरको कृपालु हात नहेम्याहमाथि रहेको थियो ।

**परमेश्वरको कृपालु हात कसरी ममाथि परेको थियो, र राजाले मलाई के भन्नुभएको थियो, सो मैले तिनीहरूलाई बताइदिएँ । तिनीहरूले जवाफ दिए, "हामी पुनर्निर्माणको काम सुरु गरौं ।" यसैले तिनीहरूले उत्साहपूर्वक यो असल काम सुरु गरे (नहेम्याह २:१८) ।**

परमेश्वरले नहेम्याहलाई पर्खालको क्षेत्रअनुसार भिन्न कुलकाहरू, भिन्न-भिन्न व्यक्तिहरू मिलेर, बोझ लिएर पुनर्निर्माणको काम गराउनुभयो। धेरै स्थानहरूमा निर्माणको जिम्मा पुजाहारीहरूलेगरेको देखिन्छ साथै हामी यो निर्माण कार्यको पूर्ण विवरण नहेम्याह

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | जोरपाटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| श्रावण २७ August 12 | पाष्टर रोल्याण्ड रोंगोंग | श्री सरुष तामाङ्ग | एल्डर सिद्धि खालिङ | श्रीमती माया लामा | श्री विजय लामा | एल्डर सिमोन खालिङ | पाष्टर रूबेन श्रेष्ठ | डीकनेस् रीता अधिकारी | श्री जीवन खालिङ | श्री सिमोन लामा | एल्डर पेशल राई |
| भाद्र २ August 19 | श्री लेखनाथ पौडेल | डीकन राजु तामाङ्ग | डीकन युसुफ श्रेष्ठ | डीकन भूपाल तामाङ्ग | श्रीमती निशा तामाङ्ग | एल्डर सीता गुरूङ्ग | एल्डर श्रीलक्ष्मी सैंजु | श्री भिम खालिङ | श्री जीवन खालिङ | एल्डर जनकलाल श्रेष्ठ | डीकनेस् रूष तामाङ्ग |
| भाद्र ९ August 26 | एल्डर रत्नमान महर्जन | एल्डर पूर्ण सुनुवार | एल्डर सुरेश पुर्कुटी | एल्डर दान ब. अधिकारी | एल्डर दिनेश न्यौपाने | पाष्टर बर्णबास श्रेष्ठ | पाष्टर रूबेन श्रेष्ठ | श्री श्रीराम सुर्खेती | पाष्टर शरण राई | एल्डर भुवन देवकोटा | एल्डर लाक्पा लामा |
| भाद्र १६ September 2 | पाष्टर अशोक मुखिया | डीकनेस् रश्मिला तामाङ्ग | डीकन सुबोध अधिकारी | डीकनेस् रामदेवी सिल्पकार | श्री सुचन तामाङ्ग | पाष्टर दफ्तन सादा | डीकन सिमोन भण्डारी | एल्डर नभराज के.सी. | पाष्टर शरण राई | एल्डर आनन्द न्यौपाने | पाष्टर प्रेम श्रेष्ठ |

३ अध्यायमा पढ्न पाउँदछौँ । यो निर्माण कार्यमा यसको महत्व बुझेर नै होला:

**यसरी हामीले त्यसको आधा उचाइसम्म चारैतिर पर्खाल बनायौं, किनकि मानिसहरूले तनमन दिएर काम गरे (नहेम्याह ४:६) ।** यो पदमा तनमन भनिएको छ, म त्यसमा धन पनि जोड्न चाहन्छु साथै आफ्नै कुल घरानाकाहरू विरोध गर्न तयार थिए (नहेम्याह ४:७-९) ।

यो काममा अल्मलाउने व्यक्तिहरू, नहेम्याह ६ अध्यायमा हामी देख्छौं तर नहेम्याहको प्रार्थना, परमेश्वरप्रतिको भरोसा र तत्कालीन ठूलो जमातको समर्पण, सहयोग र आफ्नो अगुवा प्रतिको भरोसाको कारण बाउन्न दिनको कठोर जोखिमयुक्त कार्य गरी ४०१८ मिटर लम्बाई, १२ मिटर उचाई र २.५ मिटर चौडाईको पर्खाल निर्माण सम्पन्न गरे । त्यसकारण हाम्रो धापासीको पर्खाल व्यक्ति-व्यक्ति, परिवार-परिवार, मण्डली-मण्डली मिलेर बनाउन पनि सक्छौं र सक्नु पदर्छ । यो आजको हाम्रो अत्यन्त टड्कारो विषय हो साथै धापासीले आज हाम्रो योगदान खोजिराखेको छ ।

### चुनौती नं. २

नेइम सम्पत्ति संरक्षण विभागले यो अचल सम्पत्ति कसरी संरक्षण गर्ने भनेर एउटा विस्तृत योजना बनाउँदैछ जसमा हालसाबिक गर्ने, साँधसिमाना छुट्याउने, छिमेकीहरूका जायज मागलाई सम्बोधन गर्ने कार्य गर्दैछ र त्यसको लागि निकै ठूलो धनरासीको जोहो गर्नुपर्छ र त्यसको लागि कसरी गर्न सकिन्छ भन्दा विगतमा नै प्रति परिवार मासिक रू. ३० रुपैंयाका दरले कम्तिमा छुट्याउने भन्ने निर्णय केही समय कति मण्डलीले कार्यान्वयन गरे तर कतिले गरेनन् अब समय आयो सबै मण्डलीहरूले यो गम्भीरतालाई ध्यान दिएर पुनः प्रति परिवार रू. ३० कम्तिमा दशांशको खाममा लेखी दिन सुरु गरेमा हामीसँग मासिक रुपमा एउटा राम्रो रकम जम्मा हुन्छ र धापासीको संरक्षण कार्यमा ठूलो टेवा पुग्छ र अब सुरु गरौं भनी आग्रह गर्न चाहन्छु ।

अब हामी हाम्रो धापासीलाई चिनौं, बुझौं र जोगाउने तर्फ लागौं र धापासीलाई हराभरा, सुन्दर, सुरक्षित र आयआर्जनका राम्रो थलो बनाउन पनि सकिन्छ (जस्तैः बाइबल स्कूल, रिट्रिट सेन्टर, अन्य सीप विकास तालिम केन्द्र स्थापना गर्दै) दीर्घकालीन समयसम्म टिक्ने बलियो पर्खाल निर्माण गर्दै दाताहरूको नाम पर्खाल पर्खालमा लेखेर उहाँहरूको योगदानको कदर समेत गर्न सकिन्छ साथै आपसमा एउटा राम्रो सामाजिक एकता प्रदर्शन गर्न सकिन्छ । त्यसकारण अब धापासीलाई बहुयोजनाका साथ अघि बढाउँदै समाजमा हामी प्रभुका ज्योतिहरू बन्न सकौं र हाम्रो सुकर्म भविष्यका पिँढी र छिमेकीहरूले देख्न महसुस गर्न सकून् (मत्ती ५:१३-१६) ।

यो हाम्रो व्यक्तिगत सम्पत्ति भन्दा पनि प्यारो ठाउँ भएकोले यसका लागि हाम्रा विचारहरू खुल्ला राखेर इतिहासले सुम्पेका जिम्मेवारीबाट च्यूत नभई कर्तव्य पूरा गर्दै परमेश्वरलाई महिमा दिऔं र छिमेकीहरूको विरोध, बाधा र हाम्रो जमीन हडप्ने कार्य रोक्न भरमग्दुर प्रयास गरौं ।

धन्यवाद !

## जानकारी



नयाँपाटी, गराडोल, सुन्दरीजल बस्नुहुने नेइम सुन्दरीजल चर्चको सदस्य श्रीमती ठूली माया (प्रेम कुमारी) तामाङ्ग ८८ वर्षको उमेरमा श्रावण ६ गते/जुलाई २२ तारिख शनिबार प्रभुमा सुत्नुभयो ।

आषाढ ३० गते/जुलाई १५ तारिख शनिबार नेइम गोंगबूँ चर्चमा ६ जना विश्वासीहरूको समर्पण भयो ।

श्रावण ६ गते/जुलाई २२ तारिख शनिबार नेइम जोरपाटी चर्चमा ५ जना, डाँछी चर्चमा १५ जना र सुन्दरीजल चर्चमा ३ जना गरी जम्मा २३ जना विश्वासीहरूको समर्पण भयो ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | डाँछी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **श्रावण २७** August 12 | अतिथी | श्री फुर्का तामाङ्ग | डीकन अमृत लामा | एल्डर कृष्ण तामाङ्ग | डीकन कृष्ण श्रेष्ठ | एल्डर सागर थापा | एल्डर अष्ट श्रेष्ठ | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर पिटर लिम्बू | एल्डर छोदेन कार्थक | एल्डर जोरविर राई |
| **भाद्र २** August 19 | एल्डर पेशल राई | श्री चित्र खड्का | एल्डर अष्ट श्रेष्ठ | पाष्टर प्रेम श्रेष्ठ | सुश्री उषा गौतम | डीकन उमेश मगर | डीकन अमृत लामा | श्री प्रेम गुरूङ्ग | पाष्टर कर्ण तामाङ्ग | एल्डर बी.एन. पण्डित | एल्डर बेन्जामिन तामाङ्ग |
| **भाद्र ९** August 26 | श्री फुर्का तामाङ्ग | एल्डर राज गुरूङ्ग | डीकन अमृत लामा | श्री प्रेम गुरूङ्ग | एल्डर सागर थापा | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर पिटर लिम्बू | श्री कुमार सेन्चुरी | डीकन अनिल आले | डीकन डिल्ली ब. राई |
| **भाद्र १६** September 2 | एल्डर लाक्पा लामा | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर कृष्ण तामाङ्ग | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | संयुक्त सेवा गाम्चा चर्च | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर बेन्जामिन तामाङ्ग | पाष्टर कर्ण तामाङ्ग | एल्डर जोरविर राई |

# हार्दिक बधाई



आषाढ १० गते/जून २५ तारिख, आइतबार नेइम गोंगबूँ चर्चका सदस्यहरू श्री राहुल बराल र सुश्री शान्ति तामाङ्गको नेइम गोंगबूँ चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



आषाढ १७ गते/जुलाई २ तारिख, आइतबार नेइम जोरपाटी चर्चको सदस्य सुश्री प्रमिला बुढाथोकी र सिलोआम रानीबारी चर्चको सदस्य श्री वीर कुमार महर्जनको नेइम जोरपाटी चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



आषाढ २४ गते/जुलाई ९ तारिख, आइतबार नेइम पनौती चर्चको सदस्य सुश्री सविना सुर्खेती र नव जीवन चर्च, कुपुण्डोलको सदस्य श्री अनिश अछामीको नेइम पनौती चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



आषाढ २५ गते/जुलाई १० तारिख, सोमबार नेइम ज्ञानेश्वर चर्चका सदस्यहरू श्री विराज श्रेष्ठ र सुश्री उषा शाहीको नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना



आषाढ २७ गते/जुलाई १२ तारिख, बुधबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री योएल सुनुवार र इमाडोल मध्यस्थ चर्चको सदस्य सुश्री मनिषा राना मगरको नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



आषाढ ३१ गते/जुलाई १६ तारिख, आइतबार नेइम ज्ञानेश्वर चर्चका सदस्यहरू श्री राजीव थापा र सुश्री सीता घिसिङको नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

# विशेष् प्रार्थना

१. देशको राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, उपप्रधान मन्त्री, मुख्य मन्त्री, मन्त्री मण्डल, राजनैतिक पार्टीहरू साथै सम्पूर्ण पदाधिकारीहरूको निम्ति प्रार्थना गरिदिऔं साथै देशको सामाजिक, आर्थिक, भौतिक क्षेत्रहरूमा सुधार, परिवर्तन, उन्नतिको लागि प्रार्थना गरिदिऔं ।

२. अन्धकारका शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, घूसखोरी, हत्या, आत्महत्या, लागु पदार्थ दुर्व्यशन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन, बलात्कार आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

३. झरी वर्षाको समयमा बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपको कारण दुःख, कष्टमा परेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

४. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

५. प्रभुलाई चिनेर पनि फेरि संसारतिर फर्केर जानभुएकाहरू अनुग्रहको समय छँदानै प्रभुमा फर्केर आउन सकून् ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २१ 6<br>आराधना सेवा साथै अन्य संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं।<br>एज्रा ७:९-१० | २८ 13<br>मण्डलीलाई अगुवाइ गरिरहनु-भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>फिलिप्पी २:१-५ | ३ 20<br>विभिन्न देशमा रोजगार, अध्ययन र अन्य कामको लागि गएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई विश्वास गर्न सकून् ।<br>२ पत्रुस ३:८-९ | १० 27<br>नेपालमा भएका सम्पूर्ण विश्वासीहरूको असल साक्षीद्वारा धेरै मानिसहरू प्रभुमा आउन सकून् ।<br>एफिसी ४:१७-३२ |
| **सोमबार**<br>Monday | २२ 7<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिक जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं ।<br>लूका २:४०, ५२ | २९ 14<br>मण्डलीका सबै जवानहरू प्रार्थनाको साथै वचनमा आधारित जीवन जिउन पवित्र आत्माले नै सहायता गरून् ।<br>भजनसंग्रह ११९:९-११ | ४ 21<br>परमेश्वरको वचन सुन्न, बुझ्न र सुनेको वचनलाई मनन गरी त्यसअनुसार जिउनको लागि प्रार्थना गरिदिऔं ।<br>याकूब १:२२ | ११ 28<br>मण्डलीका सबै विश्वासीहरूको जीवन वचनमा आधारित भएको होस् ।<br>२ तिमोथी ३:१४-१७ |
| **मंगलबार**<br>Tuesday | २३ 8<br>परमेश्वरबाटको उत्तम प्रतिज्ञाहरू जो हाम्रो लागि दिनुभएको छ, सो प्रतिज्ञाहरू घोषणा र दाबी गर्दै परमेश्वरको महिमाको लागि आशिषित् भएर जिउन सकौं ।<br>२ पत्रुस १:३-४ | ३० 15<br>नेइमका सबै सदस्यहरू परिवारमा, मण्डलीमा र समाजमा असल साक्षी भएर जिउन सकून्।<br>एफिसी २:१० | ५ 22<br>पढाइ र कामको क्षेत्रमा रहेका जवानहरू इमान्दार भएर परमेश्वरको साक्षीपूर्ण जीवन जिउन सकून् र उनीहरूको जीवनमा परमेश्वरको आशिष् र ज्ञान बुद्धि मागिदिऔं ।<br>हितोपदेश ९:१०, याकूब १:५ | १२ 29<br>मण्डलीलाई परमेश्वरले देखाउनुभएको बाटोमा हिँड्नको लागि पवित्र आत्माको उपस्थिति र अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह २५:४-५ |
| **बुधबार**<br>Wednesday | २४ 9<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीहरू र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>मत्ती ५:१३-१६ | ३१ 16<br>हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि पनि प्रार्थना, सहायता, सहयोग, वास्ता गर्नेहरू भई आशिषको कारण बन्न सकौं ।<br>१ थेसलोनिकी ५:११ | ६ 23<br>प्रभुको नाउँको खातिर दु:ख, कष्ट, सतावट भोगिरहनुभएका विश्वासीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>यशैया ५४:१७, यूहन्ना १६:३३ | १३ 30<br>परमप्रभु परमेश्वरले राखिदिनु-भएका आशिषहरू उपभोग गर्दै आशिष् बन्नको लागि विश्वासको कदम चलाउन सकौं ।<br>एफिसी १:३, यहोशू १:३-५ |
| **बिहीबार**<br>Thursday | २५ 10<br>नेपालका सम्पूर्ण मण्डलीका विश्वासी-हरूमा आइपर्ने कुनै पनि समस्याको कारण विचलित नभई प्रभुमा स्थिर रहन सकून् ।<br>हिब्रू १२:१-३ | ३२ 17<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>यशैया ५७:१४-१९ | ७ 24<br>आफूले पाएको विभिन्न वरदानहरू मण्डली निर्माणको लागि प्रेम, विश्वास र नम्रतामा सबै परमेश्वरको महिमाको निम्ति चलाउन सकून् ।<br>रोमी १२:३-८, १ कोरिन्थी १३:१-३ | १४ 31<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनका निम्ति सबै जना बोझसहित लागिपर्न सकौं ।<br>मत्ती २८:१८-२० |
| **शुक्रबार**<br>Friday | २६ 11<br>परिवारका सबै सदस्यहरू परमेश्वरले दिनुभएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून् ।<br>कलस्सी ३:१३-१७ | १ भाद्र 18<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>यशैया ४५:२०-२३ | ८ 25<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>यूहन्ना १४:२३-२४ | १५ September 1<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ थेसोलोनिकी ५:१६-१८ |
| **शनिबार**<br>Saturday | २७ 12<br>आज हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून्<br>प्रेरित १:८ | २ 19<br>लागु पदार्थ, जाँड, रक्सी, चुरोट तथा अरू विभिन्न किसिमका बन्धनमा फसेका सबैले छुट्कारा पाई आशिषित जीवन सकून् ।<br>कलस्सी २:२१-२२ | ९ 26<br>विश्वासीहरूको जीवनमा प्रार्थना, वचन पढाई, प्रशंसा र सुसमाचार प्रचार गर्ने कुरा कहिले पनि नरोकिएको होस् ।<br>प्रेरित २:४२-४७ | १६ 2<br>नेइमका सबै अगुवाहरू आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोर्‍याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>१ कोरिन्थी १५:५८ |

**परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ कि उहाँको इच्छाबमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ । हामी प्रार्थनामा जेसुकै मागे तापनि परमेश्वरले सुन्नुहुन्छ भनी हामी जान्दछौं भने, यो पनि जान्दछौं कि उहाँलाई हामीले जे मागेका छौं त्यो हामीलाई प्राप्त भएको छ ।**

**१ यूहन्ना ५:१४-१५**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४५१४४८९/४५१२१७२, Email:info@nim.org.np,